मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८०।०८१
चलानी नं. :- १०९२

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

मिति २०८०/०८/११

विषय : आ.व. २०८०।०८१ को दोस्रो त्रैमासिकको मागफाराम इमेल मार्फत पठाउने सम्बन्धमा।

श्री सबै सामुदायिक विद्यालय र बालविकास केन्द्रहरु
मन्थली नगरपालिका।

प्रस्तुत विषयमा यस नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालय र बालविकास केन्द्रमा कार्यरत सम्पूर्ण शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताहरुको दोस्रो त्रैमासिकको तलब भत्ता तपसिल अनुसारको माग फाराम सहितका कागजातहरु अनिवार्य रुपमा शिक्षा,युवा तथा खेलकुद शाखाको इमेल sweetbishnu12@gmail.com मा इमेल गरि मिति २०८० मंसिर २५ गते भित्र पठाइदिनु हुन अनुरोध छ।

**इमेलमा पठाउने कागजातहरु :**

१. माध्यमिक तहका स्थायी, करार, राहत र साविक उमाविका शिक्षकहरुको एउटै माग फाराम।
२. आधारभूत तह (प्राथमिक र निम्नमाध्यमिक तह) स्थायी, करार र राहत शिक्षकहरुको एउटै माग फाराम।
३. माध्यमिक तह संघीय अनुदानका शिक्षकहरुको छुट्टै मागफाराम।
४. निम्नमाध्यमिक संघीय अनुदानका शिक्षकहरुको छुट्टै मागफाराम।
५. प्रदेश माध्यमिक अनुदानका शिक्षकहरुको छुट्टै मागफाराम।
६. माध्यमिक नगर अनुदान र निम्नमाध्यमिक नगर अनुदानका शिक्षकहरुको छुट्टा छुट्टै माग फाराम।
७. संघीय तलबका लागि छुट्टै र नगर थप तलबका लागि बालबिकास शिक्षक र कर्मचारीहरुको छुट्टाछुट्टै माग फाराम।
८. बालविकास नगर सहजकर्ता कोटाको छुट्टै मागफाराम।
९. अघिल्लो त्रैमासिकको तलब बुझेको भर्पाइको प्रतिलिपि,नागरिक लगानीकोष, सञ्चयकोष कट्टी तथा सामाजिक सुरक्षा कर लगायत कर तिरेको भौचरको प्रतिलिपि,स्थायी शिक्षकहरुको हकमा नागरिक लगानीकोष, सावधिक विमाकोष र सञ्चयकोषको प्रमाणपत्रको प्रतिलिपि।
१०. विद्यालयको प्यान नम्बर, शिक्षक,कर्मचारी र बालविकास सहजकर्ता सबैको प्यान नम्बरको फोटोकपी।
११. विद्यालय, प्रत्येक शिक्षक, कर्मचारी र बालविकास सहजकर्ताको Bank opening advise card,
१२. शिक्षक, कर्मचारी र बालविकास सहजकर्ताको मासिक हाजिरीको प्रमाणित प्रतिलिपि (हरेक महिनामको २ गते भित्र)

विष्णु बहादुर अधिकारी
विद्यालय निरिक्षक
(अधिकृतस्तर सातौं)